# कमलामाई नगरपालिका

## सिन्धुली

# टोल विकास संस्था संचालन सम्बन्धी

# कार्यविधि, २०७६

**प्रस्तावना :**

कमलामाई नगर क्षेत्र भित्र गठन भएका टोल विकास संस्था संचालन तथा व्यबस्थापन गर्नका लागि बान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ७४ (२) ले दिएको अधिकार प्रयोग गरी १०२ (२) अनुसार कमलामाई नगरपालिकाले यो निर्देशिका वनाई जारि गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम " कमलामाई नगरपालिका टोल विकास संस्था संचालन सम्बन्धि निर्देशिका २०७६" रहने छ ।

(ख) यो निर्देशिका कमलामाई नगर कार्यपालिकाबाट निर्णय भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२) परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "**ऐन**" भन्नाले स्थानीय सरकार संचालन ऐन ,२०७४ सम्झनु पर्दछ ।

(ख) "**नगर सभा** " भन्नाले सविधान को धारा २२३ को उपधारा (१) वमोजिमको नगर सभा सम्झनु पर्छ ।

(ग) "**कार्यालय** " भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनस पर्दछ । सो शब्दले वडा कार्यालय समेतलाई वुझाउदछ ।

(घ) "**प्रमुख**" भन्नाले कमलामाई नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्छ ।

(ङ) "**उप -प्रमुख**" भन्नाले कमलामाई नगरपालिकाको नगर उप-प्रमुख लाई सम्झनु पर्छ ।

(च) " **प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले कमलामाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउदँछ ।

(छ) "**टोल विकास संस्था**" भन्नाले शहरी समाज परिचालन प्रकृया मार्फत टोलको संस्थागत, सामाजिक, साँस्कृतिक, आर्थिक एवम् पूर्वाधार विकास गर्न नगरपालिकामा वडा समितिको निश्चित भौगोलिक क्षेत्र भित्र रहेका घरधुरी सदस्य रहने गरि एक घर एक सदस्य को अबधारणामा आधारित तोकिएको भौगोलिक क्षेत्र भित्रको स्थानीय निकायमा सूचिकृत वा दर्ता भएको स्थानीय स्तरको सामुदायिक सस्थालाई सम्झनु पर्दछ ।

(ज) "**समन्वय समिति**" भन्नाले नगरपालिका स्तरमा गठन भएको नगर स्तरियं टोल विकास संस्था समितिलाई जनाउने छ ।

(झ) "**वडा समन्वय समिति**" भन्नाले नगरपालिकाको वडा स्तरमा गठन भएको टोल विकास समन्वय समितिलाई जनाउने छ ।

(ञ) "**उप समिति**" भन्नाले नगर, वडा, साधरण सभा वा नगर स्तरिय टोल विकास संस्था, समन्वय समिति तथा वडा स्तरिय टोल विकास संस्था समन्वय समितिले तोकिएको कार्यक्रमको लागि विषेश जिम्मेवारी दिई गठन भएको उप समितिलाई जनाउने छ ।

(ट) "**पदाधिकारी**" भन्नाले नगर तथा वडा स्तरिय टोल विकास संस्था समन्वय समिति वा उपसमितिका संयोजक, सचिब, सदस्यहरुलाई जनाउनेछ ।

(ठ) "**बचत कोष**" भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुने गरि जम्मा गरेको रकम रहने कोषलाई सम्झनु पर्दछ ।

(ड) "**संचालक समिति**" भन्नाले कमलामाई नगरपालिका, नगरपालिका साझेदारी बिकास कोषको व्यबस्था तथा संचालन गर्नको लागि गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(ढ) "**अध्यक्ष**" भन्नाले टोल विकास संस्थाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ण) "**उपाध्यक्ष**" भन्नाले टोल विकास संस्थाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(त) "**सचिव**" भन्नाले टोल विकास संस्थाको सचिवलाई सम्झनु पर्दछ ।

(थ) "**कोषाध्यक्ष**" भन्नाले टोल विकास संस्थाको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(द) "**सह-सचिव**" भन्नाले टोल विकास संस्थाको सह-सचिवलाई सम्झनु पर्दछ ।

(ध) "**सदस्य**" भन्नाले टोल विकास संस्थाकोसदस्यलाई सम्झनु पर्दछ ।

(न) "**बचत**" भन्नाले टोल विकास संस्थाका सदस्यले पछि फिर्ता हुने गरी टोल विकास संस्थामा जम्मा गरेको रकम सम्झनु पर्दछ ।

(प) "**बैठक**" भन्नाले टोल विकास संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ ।

(ब) “**विधान**” भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

(भ) “**कार्यगत समुह**” भन्नाले टोल विकास संस्थाको साधरण सभाले विषेश जिम्मेवारी दिई गठन भएका समुह वा संस्था भित्र विभिन्न कार्य गर्नको लागि गठित समूहलाई सम्झनु पर्दछ ।

(म) “**पदाधिकारी**” भन्नाले टोलविकास संस्था वा कार्यगत समुहका अध्यक्ष, उपाध्यक्ष ,सचिव , सह-सचिव ,कोषाध्यक्ष र सदस्यहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## टोल विकास संस्था गठन सम्बन्धी व्यबस्था

**३. कमलामाई नगरपालिकाको निर्धारित क्षेत्र भित्र देहायका प्रकृयाहरु भित्र रहि टोल विकास संस्था गठन गर्नु पर्नेछ ।**

(क) निश्चित तोकिएको भौगोलिक क्षेत्र भित्र कम्तीमा २५ (पच्चीस) घरधुरी भएको टोल हुनु पर्ने छ ।

(ख) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको उपस्थितमा टोलमा तोकिएको क्षेत्र भित्रका कम्तीमा ८० प्रतिशत घरधुरी सम्मिलित बैठक वसेको हुनु पर्ने छ ।

(ग) वडा प्रतिनिधिको राय र उपस्थितिमा यस निर्देशिकाको मर्म बमोजिम विधान तयार ।

(घ) संस्थाको नामाकरण गर्दा व्यक्ति विशेष तथा राजनैतिक भावना नभई सामाजिक सांस्कृतिक रुपले गर्नु पर्दछ ।

(ङ) संस्थाको निश्चित भौगोलिक सिमाना निर्धारण गर्नु पर्दछ । यसरी संस्थाको भौगोलिक सिमाना निर्धारण गर्दा सके सम्म खोला, कुलो, बाटो वा कुनै स्पष्ट छुटिन सक्ने आधार लिनु पर्दछ ।

**४) टोल विकास संस्थाहरु अनिवार्यरुपमा यस नगरपालिकामा दर्ता हुनु पर्नेछ । यसरी दर्ता हुदा निम्न लिखित कागजातहरु अनिवार्यरुपमा पेश गर्नु पर्दछ ।**

(क) संस्थाको विधान २(दुई) प्रति ।

(ख) माथिको बुँदा २ को (ख) बमोजिम बैठकको प्रतिलिपी ।

(ग) वडा कार्यालयको सिफारीस ।

(घ) संस्थाका सवै घरधुरी देखिने गरि बनाईएको टोलको साधरण नक्सा ।

(ङ) अन्य माग भए बमोजिम थप कागजातहरु ।

**५) सदस्यता :**

(क) यस निर्देशिकाको प्रतिकुल नहुने गरी संस्थाको विधानको उद्धेश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्विकार गर्ने संस्थाको तोकिएको भौगोलिक सिमाना भित्रको एक घर एक सदस्यको आधारमा सवै घरधुरीको सदस्य यस संस्थाको सदस्य हुनु पर्नेछ ।

(ख) बुँदा नं. १ अनुसार सदस्य बन्न ईच्छुक नयाँ टोलबासीहरुलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा संस्थाको बैठकको निर्णयबाट सदस्यता प्रदान गर्नु पर्नेछ ।

(ग) एक घर एक जना भन्दा बढी सदस्य हुन पाईने छैन र एउटा संस्थामा सदस्य भएको व्यक्ति अर्को संस्थाको सदस्य हुन पाईने छैन ।

(घ) संस्थाले साधरण सदस्य र बचत सदस्य गरी दुई भागमा विभाजन गरी सदस्यता वितरण गर्ने व्यबस्था मिलाउन सक्ने छ । बचत बाहेकको विषयमा निर्णय गर्नको लागि बचत सदस्यलाई अधिकार रहने छैन । यसरी सदस्यता वितरण गरे पछि संस्थाको सदस्यहरुको विवरण खुल्ने गरी सदस्यता अध्यवधिक गर्नु पर्नेछ ।

**६) सदस्यता नरहने अवस्था :**

(क) सदस्यको मृत्यु भएमा र निजको घरधुरीमा अरु कोहिपनि अधिकारवाला नभएमा ।

(ख) सदस्यले संस्थाको सिमाना भित्रबाट स्थायीरुपमा बसाई सरी अन्यत्र गएमा ।

(ग) सदस्यले दिएको सदस्यता त्यागको लिखित निवेदन संस्थाले स्विकृत गरेमा, तर संस्थाको निर्णय उपर चित्त नवुझेमा साधरण सभाको निर्णय अन्तिम हुनेछ ।

(घ) संस्थालाई हानी नोक्सानी हुने कुनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यबाट हटाउने निर्णय गरेमा तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट वञ्चित गर्न पाईने छैन । यस सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार साधरण सभाको हुनेछ ।

**७) संस्था संचलनको लागि देहाय बमोजिमका पदाधिकारीहरु रहने गरि टोल विकास संस्थाको गठन गर्नु पर्नेछ ।**

(क) अध्यक्ष
(ख) उपाध्यक्ष
(ग) सचिव
(घ) सहसचिब
(ङ) कोषाध्यक्ष
(च) बाँकी एक घर एक सदस्य
यसरी पदाधिकारीहरुको चयन गर्दा अध्यक्ष, सचिब, कोषाध्यक्षहरुमा आदिवासी जनजाती,दलित तथा महिलाहरुलाई प्रोत्साहन र प्राथमिकता दिनु पर्नेछ ।

माथि जे सुकै कुरा लेखिएको भएतापनि टोल विकास संस्थाको काम कारवाहिलाई सक्रिय रुपमा सञ्चालन गर्नको लागि साधरण सभाले प्रमुख पाँच पदमा निर्वाचित पदाधिकारीहरु अनिवार्य रहने गरी ७ देखि ९ जना सम्मको सचिवालय समिति निर्माण गर्न सक्ने छ । यसरी बनेको सचिवालय समितिले कार्य समितिको समेत काम गर्नेछ ।

**८) टोल विकास समितिको कार्यालय :**

टोल विकास संस्थाको आफ्नो एक कार्यालय हुनेछ, । जुन कार्यालय संस्थाले तोकेको ठाउँमा स्थापना गरि संचालन गरिनेछ ।

**९) संस्थाका सदस्यहरुको पदाबधि :**

(क) सचिवालय समितिको सवै सदस्यको पदावधि २ (दुई) बर्षको हुनेछ ।

(ख) प्रत्येक टोल विकास संस्थाको साधरण सभा प्रत्येक वर्ष गर्नु पर्नेछ र हरेक २ वर्षमा नेतृत्वको निर्वाचन गर्नु पर्दछ । जनु सर्वसम्मती वा चुनावद्धार गर्न सकिने छ । टोल विकास संस्थाको नेतृत्व परिवर्तन गर्दा आदिबासी जनजाती, दलित तथा महिलाहरुलाई विषेश प्राथमिकता दिनु पर्दछ । तर संस्थाले पदाधिकारी परिवर्तन गर्न उचित नठानेमा साविककै पदाधिकारी राख्न यो नियमले बाधा पुर्‍याएको मानिने छैन ।

**१०) संस्थाको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनु पर्नेछ ।**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

अध्यक्ष संस्थाको प्रमुख हुन्छन । टोल विकास संस्थालाई कसरी व्यबस्थीत रुपले परिचालन गर्ने भन्ने सम्बन्धमा संस्थाका अध्यक्षको काम, कर्तब्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(१) बैठकको अध्यक्षता गरि बैठक संचालन गर्ने ।

(२) संस्थाको बैठक बोलाउने र बैठकको लागि मिति, समय र स्थानको निर्णयका साथै सदस्यको सहमति लिनु पर्ने ।

३) बैठकमा अनुसाशनको पालना गर्न लगाउने र छलफालका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

६) सचिब र कोषाध्यक्षहरुलाई आवश्यक्ता अनुसार सहयोग पुर्‍याउने ।

७) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

८) संस्थाले आर्जन/प्राप्त गरेका नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

९) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने ।

१०) अन्य सहयोगी निकायसँग समन्वय राख्ने, आबश्यक भएमा परिचालनको बन्दोबस्त मिलाउने ।

११) विषेश बैठकको आबश्यक्ता परेमा सवै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

१२) विविध प्रकारको समन्वय बैठकमा भाग लिने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

१)अध्यक्षलाई सहयोग गर्ने ।

२) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने काम गर्ने ।

**ग) सचिबको काम, कर्तव्य र अधिकार**

१) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

२) अध्यक्ष र उपाध्यक्षको अनुपस्थिती मा बैठकको अध्यक्षता गर्ने ।

३) एक तिहाई सदस्यहरुले विषेश बैठकको लागि लिखित माग गरेमा विषेश बैठक बेलाउने ।

४) बैठक पुस्तिकामा उपस्थित गराउने ।

५) छलफलका प्रस्ताबहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि पढेर सुनाउने । पुन : प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।

६) संस्थाको कृयाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

७) संस्था संचालनमा अन्य सदस्यहरुलाई आबश्यक सहयोग गर्ने ।

८) निर्णय लागु भए नभएको हेरी लागु गराउने ।

९) लगानी असुली गर्ने प्रत्येक बैठक पुस्तिकामा लेखि सबैको सहिछाप गराउने ।

घ) सहसचिबको काम, कर्तव्य र अधिकार

१) सचिबलाई सहयोग गर्ने ।

२) सचिबको अनुपस्थितीमा सचिबले गर्ने काम गर्ने ।

**ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

१) प्रत्येक बैठकमा सवै सदस्यहरुबाट बचत संकलन गरि बचतको विवरण पेश गर्नुपर्ने ।

२) प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत खातामा चढाउने ।

३) व्यक्तिगत बचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पासवुकमा चढाई प्रमाणको रुपमा दस्तखत गर्ने ।

४) संकलित बचत रकम संस्थाको निर्णय अनुसार नजिकको बैंक खातामा जम्मा गरि गराई बैंकको पासबुकमा उल्लेख गर्ने ।

५) बैठकको निर्णय अनुसार बचतको परिचालन गरि अभिलेख राख्ने ।

६) निर्णय अनुसार गर्नुपर्ने लगानी गरि असुली समेत गर्ने र लगानी असुलीको अभिलेख राख्ने ।

७) सम्पुर्ण सदस्यहरुको गत बैठक सम्मको बचत रकम बैंकमा रहेको रकमसँग भिडाउनु पर्ने ।

८) ऋण लगानी पश्चात प्राप्त ब्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरि सबै सदस्यको ब्यक्तिगत खाता, पासवुक एवम् बचत खातामा चढाउनु पर्ने ।

९) संस्थाले गरेको काम /कारोबारको लेखा परिक्षण गराउने ।

१०) बैंक खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

११) अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने ।

१२) संस्थाको नगद जिन्सी समानको जिम्मा लिई सुरक्षा गर्ने ।

१३) संस्थाको सदस्यहरुलाई आर्थिक कारोबार पारदर्शिता गराउने ।

**च) सदस्यहरुको काम,कर्तव्य र अधिकार**

१) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

२) संस्थाको निर्णय अनुसार मासिक बचत समयमानै जम्मा गर्ने ।

३) संस्थाको हिसाव किताव बराबर चेक गर्ने ।

४) टोल विकास संस्थाका पदाधिकारीहरुले गलत काम गरेमा अरु सदस्यहरुको सहयोग लिई तुरुन्तै कारबाही गर्न बैठकमा प्रस्ताव पेश गर्ने ।

५) आबश्यक्ता अनुसार संस्था संचालनको लागि निति,नियमहरु बनाउने र सो निति नियमहरु पालना भए नभएको हेर्ने ।

६) आबश्यक्ता अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सघाउने ।

७) अरुसदस्यलाईपनि बचत गर्न प्रोत्साहित गर्ने ।

८) संस्था भित्र भएका विकृती हटाउन सहयोग गर्ने ।

## परिच्छेद ३

## समन्वय समिति सम्बन्धि व्यबस्था

**११)** टोल विकास संस्थालाई सहज परिचालन गरि मानविय, आर्थिक, भौतीक तथा सामाजिक विकासमा सहयोग गर्नको लागि टोल विकास संस्थाहरुको सञ्जालको रुपमा टोल विकास संस्थाहरुको समन्वय समिति गठन गरिनेछ ।

**१२) नगर स्तरिय टोल विकास संस्था समन्वय समिति गठनको उद्येश्य** :

क) नागरिक समाजको रुपमा कार्य गरि रहेका टोल विकास संस्थाहरुको संस्थागत क्षमता विकासका साथै स्थानीय स्तरमा सञ्चालन गरिने सामाजिक, आर्थिक, भौतीक विकास तथा सुशासनका कामहरुमा सक्रिय सहभागिताका लागि समन्वयात्मक नेतृत्व प्रदान गर्ने ।

ख) टोल विकास संस्थाहरुले आ-आफ्नो क्षेत्रमा संचालनमा रहेका गरिवी, न्युनिकरण, सुशासन, संस्थागत दिगो विकास, वाताबरण संरक्षण, सामाजिक उत्थान, जनचेतना अभिबृद्धि तथा पूर्वाधार र निर्माणको क्रममा प्राप्त अनुभवहरुबाट एक आपसमा लाभन्वीत हुन सम्बन्धित सूचना सल्लाह र सुझाव आदान प्रदान गर्ने ।

ग) नगरपालिका लगायत अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरि टोल विकास संस्थाहरुको संस्थागत विकास, क्षमता अभिबृद्धि एवम् सामाजिक तथा आर्थिक बृद्धि सम्बन्धि विविध कृयाकलाप संचालन गर्ने ।

घ) टोल विकास संस्थामा रहेको बचत रकमलाई शहरी सेवा सुविधा तथा समुदाय विकास सँग सम्बन्धित तथा लगानीको हिसावबाट सुरक्षित साझेदारी परियोजनाहरुमा लगानीको लागि नगरपालिकासँग समन्वय गर्ने ।

ङ) टोल विकास संस्थाहरुमा रहेको बचतलाई अन्तर टोल विकास संस्था लगानी एवम् सहकारी बैंक वित्तिय संस्था वा उद्यम स्थापना तर्फ समन्वयात्मक पहल गरी अधिक सदस्यहरु लाभान्वीत हुन सक्ने वातावरण बनाउने ।

च) नगरको समग्र विकासमा टोल विकास संस्थाहरुलाई कृयाशिल गराई कार्य गर्न  यस कार्यमा नगरपालिकालाई सहयोग गर्ने ।

**१३.) समन्वय समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।**

(क) नगर तथा वडा स्तरिय टोल विकास संस्था समन्वय समिति पुर्णरुपमा नगरपालिका टोल विकास संस्था प्रति उत्तरदायि हुनु पर्नेछ ।

(ख) नगरपालिकाको सहयोगिकोरुपमा कार्य गर्नु नगर स्तरिय टोल विकास संस्था समन्वय समितिको हुनेछ ।

(ग) प्रत्येक २ बर्षमा समन्वय समितिको नेतृत्व परिवर्तन गर्नु पर्दछ । जुन सर्व सम्मती वा चुनावद्धारा गर्न सकिनेछ । समन्वय समितिको नेतृत्व परिवर्तन गर्दा दलित, आसदबासी जनजाती तथा महिलालाई प्राथमिकता दिनु पर्दछ । समन्वय समिति पुर्णरुपमा नगरपालिका टोल विकास संस्था प्रति उत्तरदायि हुनु पर्नेछ ।

(घ) बैठकमा प्रस्तुत गर्नको लागि तयार गरिएको एजेण्डा वा विषयहरुको बारेमा कम्तीमा एक दिन अगावै नगर स्तरिय टोल विकास संस्था समन्वय समितिका सदस्यहरुलाई सम्भव भए सम्म लिखित वा मौखिक जानकारी गराउन पर्नेछ ।

## परिच्छेद ३

**१४) संस्थाको बैठक सम्बन्धि व्यबस्था :**

(क) संस्थाको बैठक सामान्यतया महिनाको एक पटक बस्ने छ। यसरी बैठक बस्दा एक बैठक र अर्को बैठक बीचको समय दुई महिना भन्दा बढी हुने छैन।

(ख) संस्थाको बैठक अध्यक्षले बोलाउने छ तर देहायको अबस्थामा सचिवले बैठक बोलाउन सक्ने छ।

(१) अध्यक्षले निजलाई बैठक बोलाउन निर्देशन दिएमा वा दुई महिना भन्दा बढी समय सम्म बैठक बस्न नसकेमा।

(२) दुई महिना वा सो भन्दा बढी समय सम्म संस्थाको बैठक बस्न नसकी संस्थाका एक तिहाई सदस्यको बैठक बोलाउनको लागि लिखित रुपमा अनुरोध गरेमा।

(ग) संस्थाको अध्यक्षले बैठकको अध्यक्षता गर्ने छ। निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ। उपाध्यक्ष पनि अनपस्थित रहेमा संस्थाको सव भन्दा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ।

(घ) टोल विकास संस्थाले सचिवालयको व्यबस्था गरेको अवस्थामा हरेक तीन महिनामा आम बैठक बस्ने गरी दुई वटा बैठक सचिवालयले कार्य समितिको हैसियतले सञ्चालन गर्न सक्ने छ। आम बैठकमा सम्पुर्ण सदस्य संख्याको कम्तीमा ६० प्रतिशत सदस्यको उपस्थिति अनिवार्य भएको हुनु पर्ने छ

**१५) साधरण सभा :**

संस्थाका सम्पुर्ण सदस्यहरुको उपस्थितिमा कम्तीमा बर्षको एक पटक साधरण सभा बस्नु पर्ने छ। साधरण सभा संस्थाको सर्वोच्च निकाय हुने छ। साधरण सभाको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुने छन् :

(क) साधरण सभामा पेश भएका विषयहरुमा यथोचित  सल्लाह दिने।

(ख) लेखा परिक्षक नियुक्ति गर्ने तथा पारीश्रमिक तोक्ने।

(ग) संस्थाको गत सालको हिसाव विवरण पेश गर्ने र त्यस सम्बन्धमा लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने।

(घ) अख्तियार प्रदान गर्ने।

(ङ) उजुरी, पुनरावलोकन सुन्ने र निर्णय दिने।

(च) नगरपालिकाको सहमतिमा विधान शंसोधन गर्ने।

(छ) आवश्यक परे कार्यगत समूह र सल्लाहकारको मनोनयन गर्ने।

**१६) विशेष साधरण सभा :**

संस्थाको हितलाई ध्यानमा राखी कुल सदस्य स्ंख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा बढीमा १५ दिन भित्र विशेष साधरण सभा बोलाउनु पर्ने छ।

## परिच्छेद ४

## टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार

**१७) टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुने छ ।**

(क) टोल विकास संस्थाहरु पुर्णरुपमा  नगरपालिका प्रति उत्तरदायि हुनु पर्ने छ ।

(ख) टोल विकास संस्थाहरु कमलामाई नगरपालिकामा सूचिकृत/दर्ता हुनु पर्ने छ ।

(ग) टोल विकास संस्थाको बैठक नियमित रुपमा बस्नु पर्ने छ । नियम १० घ लागु भएको अबस्थामा बहेक प्रत्येक बैठकमा कम्तीमा ८० प्रतिशत सदस्यहरुको अनिवार्य उपस्थिति भएको हुनु पर्ने छ ।

(घ) बैठकमा प्रस्तुत गर्नको लागि तयार गरिएको सवै विषयहरुमा छलफल गरी सर्व सम्मत निर्णय गर्ने प्रयास गर्नु पर्ने छ । निर्णय प्रकृया पारदर्शि हुनु पर्ने छ ।

(ङ) समुदायमा आधारित सामाजिक, भौतिक पूर्वाधार निर्माण तथा आर्थिक उद्यमलाई अघि बढाउन टोल विकास संस्थाले बचत तथा ऋण कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने छ ।

(च) टोल विकास संस्थाले प्रवर्द्धन गरेका समुदायमा आधारित सामाजिक तथा आर्थिक उद्यमहरुले ऋण तथा विउँ पूजी अनसदान प्रात्प गर्नको लागि हिसाव किताव तथा अभिलेख प्रणाली कोषले तोके बमोजिम व्यबस्थीत तवरले राख्नु पर्ने छ ।

(छ) उद्यमका सदस्यहरुले टोल विकास संस्थाहरुमा बचत गरेको हुनु पर्ने छ । ऋण प्राप्त गर्नको लागि उद्यममा उद्यमीहरुको स्व :लगानी ( equity share ) अनिवार्य हुनु पर्ने छ ।

(ज) समुदायमा आधारीत सामाजिक तथा आर्थिक उद्यमहरुले आपसी छलफलद्धारा कार्यक्रम तथा योजनाहरु तर्जुमा गर्नु पर्ने छ ।

(झ) टोल विकास संस्थाले सदस्यहरुको हित हुने सामाजिक, आर्थिक विकासका कृयाकलापहरु सहभागिमुलक ढङ्गबाट कार्यान्वयन गर्नु पर्ने छ ।

(ञ) टोल विकास संस्थाहरुले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गर्दा सहभागितामुलक ढङ्गबाट गर्नु पर्ने छ ।

(ट) टोल विकास संस्थाले आफ्ना सदस्यहरुको गरिवीलाई निश्चित आधारमा वर्गिकरण गरी तिनको अभिलेख राख्नु पर्ने छ ।

(ठ) टोल विकास संस्थाले आफ्नो दिर्घकालीन विकासको लागि सामान्य अबधारण तथा दृष्टिकोण निर्माण गर्नु पर्ने छ । उक्त अबधारणा नगरपालिकाको अबधारणामा आधारीत हुनु पर्ने छ ।

(ड) टोल विकास संस्थाले आफ्ना सदस्यहरुलाई विभिन्न कार्यगत समुहमा संगठित गरी समुदायमा आधारीत सामाजिक तथा आर्थिक विकासमा कृयाशिल हुन अभिप्रेरित गर्नु पर्ने छ ।

(ढ) टोल विकास संस्थाले आफ्नो भौगोलिक सिमाना क्षेत्र भित्रका घरधुरी सदस्यहरुबाट गठित उद्यमहरुलाई उद्यम व्यबसाय गर्न सहजिकरण तथा नगरपालिकामा दर्ता गर्न आबश्यक सिफारीस प्रदान गर्नु पर्ने छ ।

(ण) एक भन्दा बढी टोल विकास संस्थासँग सम्बन्धित विकास निर्माण कार्य तथा वडा स्तरीय विकास निर्माण कार्यमा टोल विकास संस्था परिचालित हुन वा सक्रिय भुमिका निर्वाह गर्न सम्बन्धित वडा क्षेत्र

भित्र गठित सबै टोल विकास संस्थाहरुका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिब, कोषाध्यक्षहरु संयुक्त भेला भई वडा समितिको संयोजनमा टोल विकास संस्थाहरुको एउटा कार्यमुलक समुह निर्माण गरी अगाडि बढाउन सक्नेछन् ।

(त) टोल विकास संस्थाले गरेको प्रत्येक निर्णयको प्रतिलिपि नगरपालिकाको सामाजिक विकास शाखामा पठाउनु पर्ने छ ।

(थ) वडा समितिको सहयोगीको रुपमा कार्य गर्न टोल विकास संस्थाको कर्तव्य हुने छ ।

(द) नगरपालिकाले टोल विकास संस्थाले सिफारीस गर्नु भनि निर्णय गरेका विभिन्न विषयमा तोकिएको दस्तुर लिई सिफारीस दिनु पर्ने छ ।

(ध) नगरपालिका क्षेत्रधिकार भित्र पर्ने जग्गा तथा अन्य श्रोत साधनहरुको उपभोग तथा उपयोग गर्नु परेमा सम्बन्धित निकायबाट अनिवार्य रुपमा लिनु पर्ने छ । तर अनुमति दिने वा नदिने भन्ने सम्बन्धित निकायको प्रचलित कानुन अनुसार हुने छ ।

(न) कुनैपनि संघ संस्था तथा निकायसँग विभिन्न कार्य गर्दा आवश्यक समन्वय, सम्बन्ध र सम्झौता गर्नु पुर्व टोल विकास संस्थाहरुले अनिवार्य रुपले नगरपालिकासँग अनुमति तथा स्विकृती लिनु पर्ने छ ।

(प) कुनै पनि टोल विकास संस्थाले संस्थाको बैठकमा राजनैतिक विषयमा छलफल गर्न पाईने छैन ।

(फ) नगरपालिकाले कुनै अधिकार प्रत्यायोजन गरेमा संस्थाले आफ्नो टोल विकास क्षेत्र भित्र तोकिए बमोजिम शुल्क लिन पाउने छ ।

(ब) टोल विकास संस्था बचत तथा ऋण परिचालन सम्बन्धि नियमहरु बनाई लागु गर्न सक्ने छ ।

(भ) टोल विकास संस्थाले संस्थाको साधरण सदस्य तथा बचत सदस्य गरी दुई प्रकारको सदस्यता वितरण गर्न सक्ने छ । बचत सदस्यहरुलाई चुन्ने चुनिने अधिकार रहने छैन । तर बचतको सम्बन्धमा निर्णय गर्नु परेको अवस्थामा मत जाहेर गर्न वा मतदान गर्न यस नियमले बाधा पुर्‍याएको मानिने छैन । यसरी टोल विकास संस्थाले सदस्य वर्गिकरण गरेकोमा  छुट्टा छुट्टै र वर्गिकरण नगरेको अवस्थामा सदस्यहरुको लगत अध्यावधिक राख्नु पर्ने छ ।

## परिच्छेद ५

## सिमाना, एकिकरण र विभाजन सम्बन्धी व्यबस्था

**१८)** टोल विकास संस्थाको सिमाना परिच्छेद २ को बुँदा २ ङ बमोजिम हुनु पर्ने छ। यसको सिमाना हेरफेर गर्न मनासिव देखिएमा संस्थाको साधरण सभाबाट निर्णय गरी सम्बन्धित वडा कार्यालयको सिफारीसमा सामाजिक विकास शाखाबाट गर्न सकिने छ।

**१९)** दुई वा दुई भन्दा बढी टोल विकास संस्थाहरु समायोजन भई एउटै टोल विकास संस्था गठन गर्नु पर्ने आवश्यक देखिएमा  उक्त संस्थाहरुको साधरण सभाबाट आवश्यक निर्णय गरी सम्बन्धित वडा कार्यालयको सिफारीसमा नगरपालिकाको सामाजिक विकास शाखाबाट गर्न सकिने छ।

२०) कुनै टोल विकास संस्थाको निर्धारीत क्षेत्रमा ठूलो भई टोल विकास संस्था व्यबस्थीत रुपले परिचालन गर्न बाधा पुगेको अवस्थामा उक्त संस्थालाई बढीमा दुई वटा संस्थाहरुमा विभाजन गर्न सकिने छ। यस्तो विभाजन गर्दा संस्थाको साधरण सभाबाट आवश्यक निर्णय गरि सम्बन्धित वडा कार्यालयको सिफारीसमा नगरपालिकाको सामाजिक विकास शाखाबाट गर्न सकिने छ।

## परिच्छेद ६

## कोष संचालन सम्बन्धि व्यबस्था

**२१) टोल विकास संस्थामा संस्थाको एक वचत कोष रहेन छ जस्मा देहाय वमोजिमको रकम खतामा जम्म्मा हुने छ ।**

क) सदस्यहरुवाट उठाइएको रकम

ख) विभिन्न संघ सस्थावाट प्राप्त रकम

गि) टोल विकास संस्थाको कुनै कार्य गरेवापत वा संस्था मार्फत कनै कार्य गर्नकालागि प्राप्त रकम

(घ) कोषको रकममा प्राप्त व्याज / आम्दानी

(ङ) नगरपालिका वा प्रदेश सरकार वा संघिय सरकार वा प्राप्त रकम

**२२) प्रमाण–पत्र प्राप्त गर्न र नविकरण गर्ने सम्बन्धि व्यवस्था :**

टोल विकास संस्था गठन भए पश्चात नगरपालिकामा अनिवार्य रुपमा दर्ता गरी प्रमाण पत्र लिनु पर्ने छ। हरेक वर्ष भएको साधारण सभाको जानकारी नगरपालिका गराउनु पर्ने छ। साथै हरेक ३/ ३ वर्षमा नगरपालिका मा संस्था नविकरणको व्यवस्था का लागि निवेदन पेश गर्नु पर्ने छ। देहायको विवरण सहति नविकरणका लागि अनुरोध गर्नु पर्ने छ। देहायको विवरण सहित नविकरण का लगि अनुरोध भ्र आएमा नगरपालिकाले थप ३ वर्षको लागि संस्था नविकरण अनुमति प्रदान गर्ने छ।

क) विगत ३ वर्षको साधारण सभाको माईन्युट छाया प्रति

ख) अघिल्लो आर्थिक वर्ष सम्मको लेखा परीक्षण प्रतिवेदन

ग) हरेक २/२ वर्षमा भएको निर्वाचन को प्रमाण र वर्तमान पदाधिारीको विवरण

घ) कोषको आय- व्यय को अवस्था

ङ) कोषको वार्षिक कार्य प्रगति विवरण

तर नियमिति रुपमा साधारण सभा हुन नसकेमा वा निर्वाचन/ मनोनयन द्धारा पदाधिकारी चयन हुन नसकेमा सोको जानकारी नगरकार्यपालिकामा गराई प्राप्त निवदेन वमोजिम गर्नु पर्ने छ।

**२३)** संस्थाको आर्थिक कारोबार दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप राखि टोल विकास संस्थाहरुले निम्न बमोजिमका बहि खाताहरु राख्नु पर्ने छ ।

(क) बैठक निर्णय पुस्तिका

(ख) बचत पासबुक

(ग) गौश्वारा भौचर

(घ) व्यक्तिगत बचत खाता

(ङ) ऋृण आवेदन फाराम

(च) असुली रसिद

(छ) मुख्य खाता

(ज) सन्तुलन परिक्षण

(झ) मासिक प्रतिबेदन

**२४)** नगरपालिकामा सूचिकृत लेखापरिक्षकबाट वार्षिक रुपमा लेखा परिक्षण गराउनु पर्ने छ ।

**२५)** टोल विकास संस्थाको खाता संचालन संस्थाको अध्यक्ष र कोषाध्यक्ष/सचिबको संयुक्त दस्तखतबाट संचालन हुने गरी नगरपालिकाको सिफारीसमा स्थानीय बैंकमा संस्थाको नाममा बचत खाता खोल्नु पर्ने छ ।

## परिच्छेद ७

## निर्वाचन सम्बन्धी व्यबस्था

**२६)** यस निर्देशिकाको भावना र संस्थाको विधानको अधिनमा रहि टोल विकास संस्थाका पदाधिकारीहरुको निर्वाचन गर्न एउटा निर्वाचन समिति गठन गर्नु पर्ने छ। जसमा संस्थाले तोकेको व्यक्तिको संयोजकत्वमा साधरण सदस्यहरु मध्येबाट तीन जनाको निर्वाचन मण्डल गठन गर्नु पर्ने छ। जसले संस्थाको नियमानुसार निर्वाचन प्रकृया अपनाई निर्वाचन कार्य सम्पन्न गर्ने छ।

## परिच्छेद ८

## व्यबस्थापन

**२७)** टोल विकास संस्थाको व्यबस्थापन संस्थाका पदाधिकारीहरुलेनै  गर्नु पर्ने छ। संस्था सक्षम भएको अवस्थामा संस्थाको हिसाव किताब पारदर्शि एवम् प्रभावकारी रुपमा अघि बढाउनको लागि कर्मचारीको योग्यता ,छनौट , नियुक्ति तलव निर्धारण अन्य सूविधाहरु निर्धारण गर्दा संस्थाको प्रशासनिक नियमावली बनाई साधरण सभाबाट अनुमोदन गराई लागु गर्न सक्ने छ।

## परिच्छेद ९

## विविध

**२८) सम्पत्ति तथा दायित्व** :

प्रचलित नियम कानुनमा व्यबस्था भए अनुसार टोल विकास संस्थाको आफ्नो नाममा रहेको सम्पत्ति व्यक्ति सरह भोग चलन गर्न मात्र पाउने छ। संस्था विघटन भएमा सो सम्पत्ति स्वत : नगरपालिकाको स्वामीत्वमा आउने छ।

**२९) अविश्वासको प्रस्ताव**

संस्थाको सदस्य संख्याको कम्तीमा  एक तिहाई सदस्यले लिखित रुपमा स्पष्टिकरण सहित निवेदन दिएमा अविश्वासको प्रस्ताव ल्याएको मान्नु पर्ने छ। जुन पदाधिकारीहरु प्रति अविश्वासको प्रस्ताव ल्याएको हो सो व्यक्तिले साधरण सभामा आफ्नो स्पष्टिकरण पेश गर्न पाउनु पर्ने छ।

**३०)** यस निर्देशिकामा उल्लेख भएका कार्यहरु संचालन गर्नु पूर्व सम्बन्धित निकायको अनुमती तथा स्विकृति लिनु पर्ने भएमा स्विकृत लिएर मात्र संचालन गर्नु पर्ने छ। स्विकृत लिनु पर्नेमा निलिई कुनै कार्य गरेमा टोल विकास संस्थाका  पदाधिकारीहरु पुर्णरुपमा जवाफदेहि हुनु पर्ने छ।

**३१)** यो निर्देशिकाको व्यख्या गर्ने अधिकार कमलामाई नगरकार्यपालिकामा निहित रहने छ।

**३२) बचाउ :**

(क) यस निर्देशिकामा लेखे जतिको हकमा यसै बमोजिम लागु हुने छ ।

(ख) स्थानीय सरकार संचालन ऐन ,२०७४ मा उल्लेख भए जति सोही वमोजिम लागु हुने छ ।

(ग) माथि (क) र (ख) मा उल्लेख भए वमोजिम वाहेक अन्यको हकमा प्रचलित ऐन कानुन वमोजिम हुने छ ।

(घ) यस अघि टोल विकास संस्था सम्बन्धमा भए गरेका सवै काम कारवाहिहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ । तर साधारण सभा सम्पन्न भएका २ वर्ष पुरा भैसकेको भए यो निर्देशिका जारी भएको मितिले ५ महिना भित्र साधारण सभा सम्पन्न गरी सुचारु गरी सक्नु पर्ने छ ।

ङ) यस निर्देशिकामा उल्लेख भए वमोजिम वाहेक अन्यको हकमा प्रचलित ऐन कानुन वमोजिम हुने छ । ऐन कानुनले निर्देशित नगरेको अवस्थामा नगर कार्यपालिकाले निर्णय गरे वमोजिम हुने छ ।

च) यस अघि नै गठन भई परिचालन हुदै आएको टोल विकास संस्था यसै निर्देशिका वमोजिम गठन तथा संचालन भएको मानिने छ ।

## कमलामाई नगर कार्यपालिकाको
## टोल विकास संस्था संचालन सम्बन्धि नीति, २०७६

कमलामाई नगरपालिकाले विकास निर्माण कार्यक्रमको प्रभावकारी संचालनको निमित्ति समुदाय तहमा वडाको मातहतमा रहने गरी टोल विकास संस्थाहरुको गठन गरिएको छ । नगरपालिका क्षेत्र भित्रको आर्थिक, सामाजिक, भौतीक पूर्वाधारका साथै मानव शंसाधन विकासका लागि ती टोल विकास संस्थाहरुको भूमिका अत्यन्त महत्वपुर्ण सावित हन पुग्ने देखिन्छ । नगरपालिकाले संचालन गर्ने नियमित गतिविधिहरु जस्तै : योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, लाभ वितरणका प्रत्येक चरणमा ती टोल विकास संस्थाहरुको भूमिका स्पष्ट गर्न बान्छनीय भएकोले यो टोल विकास संस्था परिचालन नीति तयार गरिएको छ ।

**योजना तर्जुमा :**

१) वडास्तरीय योजना तर्जुमा भेलामा समुदाय तहमा संचालन गरिने योजनाहरु छलफल कार्यक्रममा टोल विकास संस्थाबाट अनिवार्य रुपमा प्रतिनिधित्व गराईनु पर्ने छ ।

२) नगरपालिकाले वार्षिक एवम् आवधिक योजना तर्जूमा गर्दा सहभागितात्मक नगरपालिका विकास योजना तर्जुमा अवलम्बन गरि टोल स्तरबाट योजना छनौट गरि ती योजनाहरु मध्ये प्राथमीकतामा परेका योजनाहरु वडामा पठाउने छ । यसरी वडाले टोल स्तरबाट प्राप्त गरेका योजनाहरुको वडा स्तरिय प्राथमिकता क्रम निर्धारण गर्दा वडा भित्रका प्रत्येक टोल विकास संस्थाबाट प्रतिनिधित्व रहने भेलाबाट मात्र गर्नु पर्ने छ ।

३) टोल विकास संस्थाको गठन भई सकेको ठाउँमा छुट्टै उपभोत्ता समितिको गठन नगरीकन टोल विकास संस्थालाई नै उपभोक्ता समिति सरह मान्यता प्रदान गरी योजना संचालन गर्न अख्तियारी प्रदान दिइने छ ।

४) ठेक्कापट्टा वा अमानतबाट अयोजना संचालन गर्नु पर्ने अबस्था भएमा योजना संचालन हुने स्थानमा गठन भएको टोल विकास संस्थालाई आयोजना सुपरिवेक्षणको जिम्मा दिई उक्त योजना सम्बन्धि सम्बन्धित पक्षले गर्ने नगरपालिकासँगको कारोबारमा टोल विकास संस्थाको सिफारीस संलग्न गर्नु पर्ने छ । योजना सम्पन्न हुँदाको बखतमा टोल विकास संस्थाको बैठकले सिफारीस प्रदान गरे पछि मात्र नगरपालिकाले अन्तिम किस्ता भुक्तानी दिने व्यबस्था गर्ने । यसरी उक्त योजान संचालन गर्ने स्थान एक भन्दा बढी टोल विकास संस्थाहरु भएको खण्डमा प्रत्येक टोल विकास संस्थाबाट प्रतिनिधित्व हुने गरी एक छुट्टै सुपरीबेक्षण समिति गठन गरी त्यसलाईनै उक्त कार्यको जिम्मेवारी प्रदान गर्ने । यसरी काम गर्दा व्यक्तिगत मोलाहिजा / पूर्वाग्रह आदिबाट उपरोक्त प्रकृया प्रभावित हुन पुगेमा सोको जानकारी सम्बन्धित वडा मार्फत टोल विकास संस्थालाई प्रदान गरी योजना संचालनका लागि सम्बन्धित पक्षसँग नगरपालिकाले सोझै काम कारवाही अगाडि बढाउन सक्ने छ ।

५) नगरपालिकाको आफ्नै श्रोतबाट संचालन नहुने तर सिफारीसको आधारमा अन्य निकायबाट संचालन हुने योजनाहरुको हकमा समेत टोल विकास संस्थाको अगुवाईमा हुनु पर्ने व्यबस्था गर्ने छ ।

**मानव शंसाधन विकासमा :**

१) लक्षित समुह किटान गरी संचालन गरिने विविध किसिमका तालिमहरुमा समुदाय तहबाट सहभागि छनौट गर्नु पर्ने अबस्था भएमा टोल विकास संस्थाको सिफारीसलाई प्राथमिकता प्रदान गर्ने ।

२) अन्य निकायबाट संचालन हुने विभिन्न प्रकारका लक्षित समुह किटान भई समुदाय तहबाट तालिम, गोष्ठि आदिमा नगरपालिकाको सिफारीस सहित सहभागि हुन पाउने अवस्था भएको खण्डमा समेत टोल विकास संस्थाको सिफारीसलाई प्राथमिकता प्रदान गर्ने ।

३) सचेतना अभिबृद्धि सम्बन्धि कार्यक्रम संचालन गर्नु पर्ने अवस्था भएमा तथा स्थानीय स्तरमानै दक्ष श्रोत व्यक्ति निर्माण गर्नु पर्ने स्थिती लगायत सो सम्बन्धि समुदाय तहमा गरिने छलफलका लागि उपयूक्त स्थानको पहिचान गर्नु पर्ने भएमा सो कार्यका लागि टोल विकास संस्थालाई प्राथमिकता प्रदान गर्ने ।

**विविध :**

१) एक घरधुरी एक सदस्य रहने गरी तथा एकै वस्ति ओगट्ने गरी गठन गरिएको टोल विकास संस्थालार्य वडाको सानो ईकाईको रुपमा विकास गर्ने ।

२) वडा विकासको लागि वडाले संचालन गर्ने विभिन्न किसिमका वडा स्तरीय अन्तर्क्रियामा टोल विकास संस्थालाई अनिवार्य रुपमा आमन्त्रण गर्ने छ ।

३) समुहको आधारमा संचालन हुने नगरपालिका क्षेत्र भित्रका सरकारी तथा गैर सरकारी कार्यक्रमहरुलाई टोल विकास संस्थाकै माध्यमबाट कार्यक्रम संचालन गर्न प्रेरित गर्ने छ ।

**अन्य विविध (नगरपालिकासँगको कारोबारमा)**

१) नगरपालिका क्षेत्र भित्र नगरवासीले आफ्नो नाममा रहेको कुनैपानि जग्गाको चार किल्ला प्रमाणित गर्नु परेमा टोल विकास संस्थाको सिफारीस संलग्न गनु पर्ने व्यबस्था गर्ने छ ।

२) नगरबासीले आफ्नो नाममा रहेको कुनै पनि जग्गामा सडक तथा घर भए नभएको सिफारीस चहिएको खण्डामा टोल विकास संस्थाको सिफारीस संलग्न गर्नु पर्ने छ ।

३) नगरपालिका क्षेत्र भित्रका नगरवासीले घर जग्गा मुल्याङ्कन माग गर्नु पर्दा सम्बन्धित टोल विकास संस्थाको सिफारीस संलग्न गर्नु पर्ने व्यबस्था गर्नु पर्ने छ ।

४) नगरवासीले अंशियार प्रमाणित गराउनको लागि सम्बन्धित टोल विकास संस्थाको सिफारीस संलग्न गर्नु पर्ने व्यबस्था गर्ने छ ।

५) योजनाको पेश्की फछ्र्यौटको लागि सम्बन्धित टोल विकास संस्थालाई योजना हस्तान्तरण गरेको कागजात संलग्न गर्नु पर्ने व्यबस्था गर्ने छ ।

६) नगरपालिकाको आवश्यकिय क्षेत्र भित्र सडकबत्ति जडान गर्नु पर्ने अवस्था, सरसफाईका कार्यहरु लगागत जुनसुकै कृयाकलापमा व्यक्तिगत निवेदनलाई हतोत्साहित गरी टोल विकास संस्थाको प्राथमिक आवश्यकक्ता हो भनि संस्थाको बैठकले गरेको निर्णयको प्रतिलिपिको आधारमा मात्र त्यस्तो सूविधा उपलब्ध गराउने व्यबस्था गर्ने छ ।

७) संस्थामा आवद्ध नभएका घरधुरीहरुलाई टोल विकास संस्थामा आवद्ध हुन प्रोत्साहन गर्ने छ ।

८) कुनै पनि स्थलगत सर्जमिन गराउनु पर्दा नगरपालिकाले स्थानीय टोल विकास संस्थाका पदाधिकारीहरु मध्ये कुनै एक जनालाई रोहवरमा राख्ने व्यबस्था गर्ने छ ।

९) टोल विकास संस्थामा आवद्ध नभएका सदस्यहरुको हकमा निजहरुलाई टोल विकास संस्था मार्फत दिईने सेवा सूविधा दिनको लागि टोल विकास संस्था बाध्य हुने छैन ।

१०) कुनैपनि सदस्यले टोल विकास संस्था तथा नगरपालिकाबाट लिएको ऋण वा सापटीको रकम समयमानै चुक्ता गर्नु सदस्यको दायित्व हुने छ । सदस्यले समयमा चुक्ता नगरेमा नगरपालिकाबाट पाउने सेवा सुविधा रोक्का गर्न टोल विकास संस्थाले सिफारीस गरेमा नगरपालिकाले त्यस्ता सदस्यको हकमा नगरपालिकाबाट प्रदान गरिने सूविधा रोक्का गर्न सक्ने छ ।

**समाप्त**